प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७६/०२/१२)

यस सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमबाट मेशिनरी तथा ईलेक्ट्रोनिक्स सामाग्रीहरु खरिद गर्नु पर्ने भएकोले प्रचलित कानून बमोजिम इजाजत प्राप्त ईच्छुक आपुर्तिकर्ताहरुबाट सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेखित स्पेशिफिकेशन र शर्त तथा देहायबमोजिमको शर्तहरु समेतको अधिनमा रही सिलबन्दी दरभाउपत्र आवहान गरिन्छ ।

१. सिलबन्दी दरभाउ पत्रसाथ नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता सहित स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउपत्र फारम रु. १,०००।- (एक हजार मात्र पछि फिर्ता नहुने गरी) तिरी यस मन्त्रालयबाट मिति २०७६/०२/१२ गते देखि २०७६/०२/२६ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । यसरी खरिद गरेका सिलबन्दी दरभाउपत्रदाताले २०७६/०२/२७ गते दिनको १२:०० बजे भित्र यस मन्त्रालयमा सिलबन्दी रुपमा दर्ता गरी सक्नु पर्नेछ । यसरी दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको दिउँसो २:०० बजे यस मन्त्रालयमा खोलिनेछन् ।
३. एक व्यक्ति फर्म वा संस्थाको नाममा खरिद गरेको सिलबन्दी दरभाउपत्र फाराम अर्को व्यक्ति फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाउने छैन ।
४. सिलबन्दी दरभाउ पत्र फाराम खरिद गर्न फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।
५. दरभाउपत्र साथ नगदै नै जमानत राख्न चाहनेले धरौटी वाफतको रकम राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखामा रहेको श्री प्रदेश लेखा नियन्त्रक कार्यालय कैलालीको एकल खाता प्रणाली अन्तरगतको धरौटी हि.नं. ४१७०५०२०००००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
६. दरभाउपत्र साथ स्वीकृत भए पछि खरिद सम्झौता गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) अनुसार हुने रकम बराबरको नगद जम्मा गरेको भौचर नेपाल सरकारबाट मान्यता प्राप्त भएको वा वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी गरेको कार्य सम्पादन जमानी पत्र (Performance Security) पेश गर्नु पर्नेछ।
७. म्याद नाघी आएका वा रित नपुगेका वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित हुनेछ ।
९. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस मन्त्रालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| क.सं. | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | जमानत रकम |
|---|---|---|---|
| १. | MoEPA/PG/01 | मेसिनरी तथा ईलेक्ट्रोनिक्स सामानहरुको आपूर्ति । | ४८,६००/- |